# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बाणगंगा नगरपालिका
## कपिलवस्तु

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बाणगंगा नगरपालिका

कपिलवस्तु

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बाणगंगा नगरपालिका

कपिलवस्तु

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु।साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

लुम्बिनी प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. २६

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री प्रमुख ज्यू ,

बाणगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

बाणगंगा-४, कपिलवस्तु ।

१. **कैफियत सहितको राय** — हामीले यस पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. २ करोड ६७ लाख ७५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. १८ लाख ९७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. १८ लाख ४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ८५ लाख ८८ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ४४ लाख ८६ हजार समेत रु. २ करोड ४८ लाख ७८ हजार रहेको छ । पालिकाको गत वर्ष सम्म रु. १४ करोड ९० लाख २ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १६ करोड ६८ लाख ७२ हजार रहेको छ । **पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

बाणगंगा नगरपालिका,

कपिलवस्तु,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | १५४ | २६७७५ | ० | ३६ | १८९७ | ४७ | ११८ | २४८७८ | १८०४ | १४४८६ | ८५८८ | ० | ० | २३०७४ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कपिलवस्तु | १४९००२ | ० | ७००८ | १४१९९४ | ० | २४८७८ | १६६८७२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | ३१ | निर्माण कार्यको विमा | ६८१६० |
| २ | २०७९।८० | ३२ | कर्मनाह सडक | १९६३५ |
| ३ | २०७९।८० | ३३ | कार्य तालिका | ३०००० |
| ४ | २०७९।८० | ३५ | आवसिय छात्रवृत्ति | ४०००० |
| ५ | २०७९।८० | ३७ | छात्रवृत्ति | २५१२०० |
| ६ | २०७९।८० | ५५ | शिक्षकको बढि तलब निकाशा | ३४७२९ |
| ७ | २०७९।८० | ५६ | संघिय संचितकोष फिर्ता गर्नुपर्ने | १६४३४६ |
| ८ | २०७९।८० | ६४ | रितपूर्बकको बिजक पेश नभएको | १२८९२९१ |
| | **चालु वर्षको जम्मा** | | | **१८९७३६१** |
| | **गत विगत वर्षतर्फको** | | | |
| १ | २०७४।७५ | | | २२२१००० |
| २ | २०७६।७७ | | | १५९६६० |
| ३ | २०७७।७८ र २०७८।७९ | | | ४६२७७४५ |
| | **गत विगतको जम्मा** | | | **७००८४०५** |
| | **कुल जम्मा** | | | **८९०५७६६** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१

**(क) कार्यालय परिचय :-** निकायमा उस्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८। २४ देखि २०८०।९।२७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय — व्ययतर्फ रु. १८१४७६१३२० १ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६५३८४६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | बापत | दाखिला मिति | रकम |
|---|---|---|---|---|
| १ | बाल मा. वि . बैरिया | बढि तलब निकाशा | २०८०।०८।२८ | १३६०५१ |
| २ | पञ्च आ. वि . बैजलपुर | बढि तलब निकाशा | २०८०।०९।१३ | १८८०५८ |
| ३ | वाणगंगा मा. वि . गजेहडा | बढि तलब निकाशा | २०८०।०९।१३ | ३१२२४१ |
| ४ | महेन्द्र मा. वि . कोपवा | | २०८०।०९।१६ | १४०० |
| ५ | प्राथमिक विद्यालय घरवुधिया | | २०८०।०९।१६ | ७२०० |
| ६ | कामता मा. वि . करेलिया | | २०८०।०९।१६ | ४०० |
| ७ | सूर्योदय मा. वि .( प्रदेश चालु ) | कर | २०८०।०९।१७ | १७५४ |
| ८ | सूर्योदय मा. वि .( प्रदेश चालु ) | कर | २०८०।०९।१७ | ६७४२ |
| जम्मा रु | | | | ६५३८४६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

**1. वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

1.1. **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली

(सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३५६४६५९१८ र अन्य रु१४५५००० समेत गरी रु ३५७९२०९१८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

1.2. **फरक हिसाब–**यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ४२२३३३९७, यस वर्षको प्राप्ति रु४४६८२०१६९यस वर्षको भुक्तानी रु-४३९०८६८०३ र बैङ्क मौज्दात रु. १५४५७५१८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | 302366767 | 1107807781 | 1087159927 | 323014621 |
| एकीकृत आर्थिक विवरणअनुसार | 260133370 | १५५४६२७९५० | १५२६२४६७३० | ३०७५५७१०३ |
| फरक | ४२२३३३९७ | -४४६८२०१६९ | -४३९०८६८०३ | १५४५७५१८ |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३ पालिका कोष तर्फ

कोषतर्फ

पालिकाले प्राप्त तथा भुक्तानी गरेको धरौटी तथा सञ्चालन गरेका कोषहरुको आम्दानी खर्च विवरण देहाय अनुसार छ

| कोष वा श्रोत | शुरु मौज्दात | यो वर्ष थप | जम्मा | यो वर्षको भुक्तानी | | बाकी |
|---|---|---|---|---|---|---|
| | | | | फिर्ता / खर्च | सदरस्याहा | |
| धरौटी | २१३०४२११.०० | ११०५६५०४.०० | ३२३६०७१५.०० | ८८६२३७४.०० | १४५६१०९.०० | २२०४२२३२.०० |
| कोष | | | | | | |
| आकस्मिक कोष | ६९५०००.०० | ० | ६९५०००.०० | ० | ० | ६९५०००.०० |
| कार्य संचालन कोष - बिबिध | ३१२८६२४.६४ | २७०८३७६८.५५ | ३०२१२३९३.१९ | १७८५६५८७.५० | ० | १२३५५८०५.६९ |
| प्रकोप व्यवस्थापन कोष | २३०४४४७.९५ | ५००००००.०० | ७३०४४४७.९५ | १३१२७४०.०० | ० | ५९९१७०७.९५ |
| बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) | ४३२४५०९.५० | ३९३६०४०.५० | ८२६०५५०.०० | ८२६०५५०.०० | ० | ० |
| जम्मा | १०४५२५८२.०९ | ३६०१९८०९.०५ | ४६४७२३९१.१४ | २७४२९८७७.५० | | १९०४२५१३.६४ |
| कुल जम्मा | ३१७५६७९३.०९ | ४७०७६३१३.०५ | ७८८३३१०६.१४ | ३६२९२२५१.५० | १४५६१०९.०० | ४१०८४७४५.६४ |

सैद्धान्तिक बेरुजु

## ४ बैंक तथा कोष हिसाब

**बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात

देहायअनुसार छः

सञ्चित **कोषमा जम्मा (ट्रान्सफर)-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु१११५७५६.७१०पुँजीगत खातामा रु161220 समेत रु रु१११५७५६.७१० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी |
|---|---|---|---|
| | सञ्चित कोष | २६५१९५३८१.९४ | २६६४७२३५८.९५ |
| | चालु खाता | ० | १११५७५६.७१० |
| | पूँजीगत खाता | ० | 161220.3 |
| | मर्मत खाता | | |
| | कल्याण कोष खाता | | |
| | प्रकोप व्य कोष खाता | ५९९१७०७.९५ | 6004577.95 |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी |
|---|---|---|---|
| | चालु खाता | ० | १११५७५६.७१० |
| | पूँजीगत खाता | ० | 161220.3 |

**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ आन्तरिक नियन्त्रण प्रणाली

आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः ।
स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले समितिहरु गठन गरेकोता पनि समितहरुवाट प्रभावकारी कार्य भएको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको

पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । साहायक जिन्सीखातामा जिन्सी सामाग्री बुझिलिएको तथा फिर्ता गरेको विवरण अध्यवधिक गरेको छैन ।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ८२ जनाको दरबन्दी रहेकोमा ५० दरबन्दी रिक्त रहेको पाईयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको

पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

• खरिद भएका सबै सामाग्री जिन्सी खातामा आम्दानी नजनाएको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६ **आय तथा स्रोत**

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार पारेकोमा पालिकाका योजना कार्यक्रम छनौट गर्दा उक्त स्रोत नक्साङ्कन लाई आधार लिएको पाईएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

**आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १५७००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु २०१३०५५१अर्थात अनुमान भन्दा २८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

1. **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| ७४१२५६०१२ | ५९६११५४३ | ८.०४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

2. **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ७०००००० | ८५७३६७५ | १२२.४८ |
| घरजग्गा वहाल कर | ३५००००० | ६८८२८०८ | १९६.६५ |
| व्यवसाय कर | ४२००००० | ३७१५२४० | ८८.४६ |
| वहाल विरौटी शुल्क | १०००००० | ९५८८२८ | ९५.८८ |
| | १५७००००० | २०१३०५५१ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

## ७ परिपालनाको लेखापरीक्षण

१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना २०७९।०८४ तयार गरेको पाईयो । तर

आवधिक योजनामा समावेश नभएका योजना कार्यक्रम संचालन गरी बजेट खर्च गरेको पाईयो । पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा समयमा उपलब्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९।३।१० मा रु १ अर्ब ३४ करोड ६२ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।२६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

**५ बजेट अवण्डा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु१ करोड १५ लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा पूँजीगत खर्च ८१२५६४३ र अवण्डा चालु खर्च तर्फ १४७११२४ खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

**६ योजनाप्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ६१० योजनामा वजेट विनियोजन गरेको छ।।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-50 लाख सम्म | 50 लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| ९७ | ११२ | १६६ | १०९ | १०३ | ५ | ६१० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना ३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

**७ लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना संख्या | यो बर्ष खर्च | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| ५८७ | ३५८९८६५२१ | ३ | १ | २ | ५८१ |

**८ वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद

नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु **409704183**पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

**९ क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | 118985114 | 81605050.5 | 7.78 |
| २ | पूर्वाधार विकास | ३७,५६,५९,०७९.०० | 275018130 | 26.21 |
| ३ | सामाजिक विकास | 599347856 | 536965295 | 51.17 |
| ४ | बातावरण तथा विकास | | | 0.00 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५,४०,५४,९२८.०० | 20377738.4 | 1.94 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 198236012 | 135445353 | 12.91 |
| | | 916568982 | 1049411567 | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५१.१७ प्रतिशत र. संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा १.९४ प्रतिशत रहेको छ भने बातावरण तथा विकास मा बजेट बिनियोजन गरेको पाईएन ।।

**१० खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.59611543।००राजस्व बाँडफाँड र अनुदानबाट रु.१०२७३५०८९२।०० समेत रु.१०८६९६२४३५।०० आम्दानी भएकोमा चालु तर्फ रु.639707382।००र पूँजिगत तर्फ रु.409704183।०० समेत रु.१०४९४११५६५।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.६८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.११९१६०००।०० खर्च भएको छ जुन आन्तरिक आयको १९.९९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.८५ प्रतिशत चालु र ३७.६९ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रै **चौमासिक** प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । .

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | पूँजिगत खर्चतर्फ | ४०९७०४ | १५८५४ | ५१७८७ | ३४२०६१ | १४७७६० |
| | प्रतिशत | | ३.८७ | १२.६४ | ८३.४९ | ३६.०७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ४०९७०४ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. १५८५४ हजार (३.७८प्रतिशत), दोस्रो चौमासिकमा रु ५१७८७ हजार (१२।६४प्रतिशत) र तेस्रो चौमासिकमा रु३४२०६१ हजार (८३।४९प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु१४७७६० हजार(३६.०७प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **कानुन र न्याय**

1. **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो

अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ५ वटा नियमावली, ५२ कार्यविधि लगायत १३ निर्देशिका-मापदण्ड-आचारसंहिता समेत ९४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले २ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

2. **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष थप भएको ३३ गरी कुल ४० विवाद दर्ता भएकोमा २२ वटा मात्र फस्र्यौट भई १८ .बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **सार्वजनिक परीक्षण -**

1. **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१० **फोहोरमैला ब्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन ।पालिकाले यस आर्थिक वर्षमा फोहोर व्यवस्थापन अध्ययन प्रतिवेदनमा रु ४ लाख खर्च गरेकोमा सो को कार्यान्वयन भएको पाइएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५९वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन अनुसार ५९ मध्ये ४ सहकारीको अनुगमन नभएको, केही सहकारीले ऋणको अभिलेख नराखेको,केही संस्थाले समयमा लेखापरीक्षण र साधारण सभा नगरेको,केही सहकारीको ऋण व्याजदर ६ प्रतिशत भन्दा माथी देखिएको लगायतका विषय उल्लेख गरेकोमा उक्त विषयहरु सुधार भएको छैन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १२ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## १३ आर्थिक साहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न ६५ व्यक्तिहरुलाई रु.९५५७२० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आयको रु.२ प्रतिशत प्रतिशत हुन आउँछ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १४ अनुदानको अनुगमन

1. सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु५१४८०५० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको

अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### १५ ग्रेडर / व्याकहो लोडर राजस्व

स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ अनुसार वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र असुली गर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदि सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले १० दिन ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशत जरिवाना र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । पालिकाले आर्थिक ऐन, २०७९ को अनुसूची २ अनुसार भाडाका साधनहरु प्रयोग गर्ने पक्षले ईन्धन बापत लाग्ने खर्च रकम र चालकको दैनिक भत्ता बापत रु१००० को दरले व्यवस्था गरि व्याकहो लोडर भाडा प्रति घण्टा १००० र रोलर प्रति घण्टा ३००० को दरले राजस्व आम्दानी गर्नुपर्दछ । पालिकाको व्याकुईलोडर र ग्रेडर प्रयोग गरेवापत सवै योजनाहरुकव राजश्व उठाउनु पर्नेमा नउठाएको र अभिलेख समेत स्पष्ट राखेको पाईएन तसर्थ कुन काम र कुन प्रयोजनमा प्रयोग भएको हो सो बारेमा यकिन हुन सकिएन । तपसिलको कार्यमा प्रयोग भएको साधन बापतको राजस्व उठ्न बाँकी देखिएकोले १० प्रतिशत जरिवाना समेत बैंक दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| सि.नं. | कार्य | प्रयोगकर्ता | साधन | कार्य गरेको मिति | घण्टा | रकम रु जरिवाना समेत |
|---|---|---|---|---|---|---|
| १ | कार्यको विवरण नखुलेको | अर्जुन भण्डारी | ग्रेडर | २०७९।०७।१३ | ४ | १३२०० |
| | | | | | असुल गर्नुपर्ने | १३,२०० |

### १६ शिक्षक दरवन्दी र प्रतिवेदन

1. **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २३६७८४८८ कर्मचारीको तलवी पास गरेको पाईएन

।कर्मचारी रु. ३९३१७३३७ खर्च लेखेकोमा पालिका आन्तरिक लेखापरीक्षण शाखावाट पास गरेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

2. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| | ४७ विद्यालय | ३९४ | ३९१ | विवरण उपलब्ध नगराएको | २९२६६ |

**शिक्षक दरबन्दी** दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **औषधि व्यवस्था**

1. **औषधि खरिद–**पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्मसँग रु २२८५६६९को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

2. **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ५४३० जना रहेका छन।पालिकाले थान स्यानिटरी प्याड रु **१५,६७,७७८** (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

3. **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका विभिन्न बर्थिङ सेन्टरमा गत वर्ष १६१ थान र यस वर्ष ५५५ थान को रु. ४००००० खरिद गरेकोमा गत वर्ष र यस वर्ष प्रसुति भएको संख्या ५५३ जना रहेकोमा । पालिकाको भण्डारमा खरिद गरिएका १६३ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **प्रधानमन्त्रि रोजगार**

1. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष १४६ जनालाई औसत ३२.७८ दिनले ४७८५ दिन रोजगारी उपलव्ध गराई रु २९२२७५० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले ३९५५००खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

२० **परामर्श सेवा खरिद**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| फोहोरमैला व्यवस्थापन | **सिद्वार्थ सार्वजनिक विकास केन्द्र** | ४००००० | ४००००० | **००** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । यस्तो कार्य गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

२१ **जिन्सी तथा सम्पती व्यवस्थापन**

**१ जिन्सी निरीक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन बाट प्राप्त सुझाव कार्यान्वय गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

**२ जिन्सी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सम्पूर्ण समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म वडा कार्यालयहरुमा Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· वडा कार्यालयवाट खरिद भएका सबै सामाग्रीहरु जिन्सी आम्दानी नभएको ।

· पालिकावाट खरिद भई विद्यालयहरु संस्थामा हस्तान्तरण भएका सामाग्रीहरु संस्थाहरुले आफ्नो जिन्सीखातामा आम्दानी जनाएको प्रमाण संलग्न नगरी खर्च लेखेको ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

**३ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिका र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको एकिकृत विवरण अद्यावधिक गरि राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२२ **कानूनी सल्लाहकारः**

लुम्बिनी प्रदेश, गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७६ मा कानूनी सल्लाहकार राख्न पाउने व्यवस्था भएको पाइएन।पालिकाले कानूनी सल्लाहकार को पदमा श्री हूमनाथ पाण्डे लाइ सम्झौतागरी मासिक रु ३६००० को दरले १० महिनाको रु ३६०००० भुक्तानी भएको पाइयो। कानूनमा व्यवस्था नभएको कानूनी सल्लाहकारको पारिश्रमिक नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,६०,००० |

२३ **अवकाश कोशः**

1. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारीको मासिक तलव बाट १० प्रतिशत रकम कट्टि समेत नगरी वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा एकमुष्ट रु १५००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन

सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझैकर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १५,००,००० |

२४ **खर्चको पुष्टयाइः**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले निम्न भुक्तानी गर्दा खर्च पुष्टि हुने प्रमाण संलग्न नगरी भुक्तानी गरेकोले खर्च पुष्टिहुने प्रमाण पेश गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ९,३४,०२७ |

**(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५ **कर्मचारी व्यवस्थाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा नगरपालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि जम्मा ४३ जना कर्मचारी करारमा राखि रु१२६८८१४६। तलव भत्तामा खर्च लेखेको छ।त्यसैगरी

सोही ऐनको २०७४कोदफा८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचेल गायतका पदमा मात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेकोछ।पालिकाले उल्लेखित पदवाहेकको सहायक चौथोपदमा ३ जना करार नियुक्ति गरी मासिक २७६०० को दरले बर्षभरीमा रु.१०७६४००। भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| | | |
|---|---|---|
| | अनियमित भएको | १०,७६,४०० |

२६ **प्रोत्साहन भत्ताः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन नबनाइ “बाणगंगा नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलव्ध

गराउने कार्यविधि२०७५" तथा "बाणगंगा नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलव्ध गराउने कार्यविधि२०७९" को आधारमा आन्तरिक श्रोत बाट रु ५४४७१३७ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७ **अध्ययन अवलोकन भ्रमणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।कर्मचारीको सेवा सर्त सुविधा सम्वन्धि कानून नबनेको अवस्था र लुम्विनी प्रदेश, गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७६ मा व्यवस्था नभएको तथा अध्ययन अवलोकन भ्रमण सम्वन्धि कूनै कार्यविधि तयार नगरेको अवस्थामा पालिकाले अध्ययन अवलोकन भ्रमण कार्यक्रम पालिकाको बार्षिक बजेटमा समावेश गरि विभिन्न पदाधिकारी,कर्मचारी, व्यवसायि, टोल विकास संस्थाका अध्यक्ष संघ संस्थाका प्रतिनिधि लगायत विभिन्न स्थानको भ्रमण वापत रु१०७३७६६ खर्च लेखेको नियमसम्वत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २१,४७,५३२ |

**(विस्तृत विवरण बेरूजु दफा २७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२८ **फरक खर्च शिर्षकः**

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ।नमुना छनौटको आधारम परिक्षण गरेकोमा पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी गरेको अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | ७,००,०२६ |

**(विस्तृत विवरण बेरूजु दफा २८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२९ **KYC UPDATE नभएको**

सामाजिक सुरक्षा भत्ता कार्यबिधि २०७७ को बुंदा नम्बर २६ (३) अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय

तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणमा कार्यालयसंग विवरण माग गरिएकोमा विवरण उपलब्ध हुन सकेन, सबै ११ वडाहरुमा कति रकम HOLD भई लाभग्राहीहरुले एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेको छ, कार्यालयले यकिन र आवश्यक छानविन गरि बढि भएको रकम संघिय संचितकोष दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३० सामाजिक सुरक्षा भत्ता वितरण

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रममा यस वर्ष रु ३५,६४,६५,९१८।- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।

१. कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनु पर्दछ ।

२. कार्यविधिमा लाभग्राहीको नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुने लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुन मसान्त भित्र व्यवस्थापन सुचना प्रणालीमा अनिवार्य रुपमा प्रविष्टी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सो अनुसार नगरी लाभग्राहीको साबिककै विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । साथै कार्यालयले तोकिएको ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको अभिलेख राखेको पाइएन । यसले गर्दा वितरित रकम सहि हो भनी एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

## ३१ विमा अवधी

**निर्माण कार्यको विमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि समेतको विमा गराउनु पर्ने व्यवस्था छ । यसै गरी कार्यालयवाट भएका निर्माण सम्झौताको शर्त न ४६.१ मा निर्माण व्यवसायीले निर्माण कार्य,उपकरण तथा कामदारको

शुरु सम्झौता देखि त्रुटि सच्याउने अवधिको विमा गर्नु पर्ने र सो वापत कार्यालयवाट भुक्तानी हुने व्यबस्था रहेको छ ।तर कार्यालयले निर्माण गराएको निर्माण कार्यको अभिलेख परीक्षणमा विमा नगराएको, र केहीको घटी अवधिको विमा तथा अन्तिम विलको नापजाँच अवधि पछि समेत विमा गरी भुक्तानी गरेको देखियो ।अत सम्झौता शर्त विपरित घटी अवधिको विमा गरी सम्झौता बमोजिमको रकम भुक्तानी भएकोले सम्बन्धित निर्माण व्यवसायीवाट असुल गर्नु पर्ने रु

| निमार्ण व्यवसायी | ठे.न. | सम्झौता मिति | बिमा गरेको मिति | कम्पनी | बिजक | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| रेसुङ्गा निर्माण सेवा | २३।७९।८० | ७९।१०।२३÷८०।२।३० | २०७९।१२।३० | नेको ईन्सुरेन्स | २९६१५ | २९६१५ | सम्झौता भन्दा २ महिना पछि |

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. ६८१६०।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,६१५ |

३२ **कर्मनाह सडक**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. १९,६३५।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३३ **कार्य तालिका**

कार्यालयवाट भएका निर्माण सम्झौताको शर्त न ३४.४मा निर्माण व्यवसायीले सम्झौता गर्दा कार्यतालिका पेश गर्नु पर्ने तथा कार्यतालिका बमोजिम कार्य प्रगतीहुन नसक्ने भएमा अध्यावधिक कार्यतालिका पेश गर्नु पर्ने उल्लेख छ भने यस्तो कार्यतालिका तथा अध्यावधिक कार्यतालिका पेश गर्न नसके रकम रोक्का राख्ने व्यवस्था रहेकोमा निम्न निर्माण कार्यहरुमा निर्माण व्यवसायीहरुले कार्यतालिका तथा अध्यावधिक कार्यतालिका पेश गरेका छैन्न भने कार्यालयवाट निर्माण व्यवसायीहरुलाई बिल भुक्तानी गर्दा यस्तो रकम रोक्का नराखेकोले सम्झौता बमोजिमको रकम सम्बन्धित निर्माण व्यवसायीवाट असुल गर्नु पर्ने रु

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. ३००००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३४ खर्च मितव्ययीता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ ।पालिकाले यस वर्ष (सुत्रको मलेप फारम न २७५ अनुसार) अनुसुचीमा उल्लेख भए बमोजिम खर्च समानिकरण अनुदान र राजश्वबाडफाँट बाट प्राप्त भएको रकमवाट खर्च लेखेको छ ।

⁆ अनुगमन मुल्याङ्कन भ्रमण खर्च र अन्य भ्रमण खर्च शिर्षकवाट पदाधिकारी कर्मचारीको भ्रमण खर्च लेख्दा भ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो भने भ्रमण गर्ने पदाधिकारी कर्मचारीवाट भ्रमण प्रतिवेदन समेत पेश भएको छैन ।योजना अनुगमन वापत खर्च लेख्दा भ्रमण आदेश स्विकृती गरेको पाईएन ।

⁆ मर्मत आदेश तथा अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।

⁆ निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।

⁆ विविध खर्चको प्रयोजन नखुलेको आवस्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो । सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो ।

⁆ पुस्तक तथा सामग्री खर्च र पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च लेख्दा पर्तिस्पर्धात्मक तवरले नगरी खर्च गरेको छ ।

⁆ कार्यालय सामाग्री तथा मसलन्द खर्च र फर्निचर खरिद गर्दा कार्यालयको आवस्यक्ता आंकलन गरी बार्षिक खरिद योजनाका आधारमा प्रतिस्पर्धात्मक बिधिवाट खरिद गर्नु पर्नेमा सो गरेको पाईएन ।

⁆ पानी तथा बिजुली खर्च लेख्दा समयमा विल भुक्तान नगरी अतिरिक्त जरिवाना तिरेको पाईयो ।

पालिकाले आन्तरिक आम्दानीलाई ख्याल गर्दै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३५ आवसिय छात्रवृत्ति

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. ४००००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **सामुदायिक सिकाई केन्द्र सञ्चालन**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.११(६.७) मा स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधकारीको निर्वाचन भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व. को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको मापदण्ड पुरा भएको अवस्थामा मात्र अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले उल्लेखित मापदण्ड पुरा गरेको प्रमाण बेगर अनुदान उपलब्ध गराएको रकम अनियमित रु

| विद्यालयको नाम | रकम रु |
|---|---|
| भलवाड सामुदायिक अध्ययन केन्द्र | १८८००० |
| अनियमित भएको | १,८८,००० |

३७ **छात्रवृत्ति**

***९.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. २५१२००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३८ **निशुल्क पाठ्यपुस्तक**

**निशुल्क पाठ्यपुस्तक :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यावस्था रहेको छ । यसरि अनुदान उपलब्ध गराउदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी पाठ्यपुस्तकको सङ्ख्या यकिन गरेर मात्र पहिलो पटकमा ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयहरुलाई रु ८४,८९,३१९ रकम निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन नगराएको, पहिलो पटक निकाशा गरेपश्चात २५ प्रतिशत दोस्रो निकाशा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा मात्र गर्नुपर्नेमा सोझै निकाशा गरेकोले वास्तविक निकाशा खर्च यकिन हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

३९ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मका विद्यार्थी संख्याको आधारमा वार्षिक १८० दिनका लागि प्रति विद्यार्थी रु १५ को दरले रकम निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरि रकम निकाशा गर्दा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्नुपर्ने, IEMIS मा रहेको विद्यार्थी संख्या यकिन गर्नुपर्ने, पछिल्लो त्रैमासिकमा रकम निकाशा गर्दा भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यावस्था रहेको छ ।कार्यालयले १६३२५४०० रकम बराबरको दिवा खाजा रकम निकाशा गरेको छ । सम्पूर्ण विद्यालयका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाणित हाजिर र विद्यार्थी संख्या यकिन बेगर एकमुष्ठ रकम निकाशा गरेको औचित्यपूर्ण देखिदैन । कार्यालयले यस वर्ष विद्यालयहरुलाई दिवा खाजा निकाशा दिदाँ तोकिएका मापदण्डहरु पुरा भएको अवस्था बेगर रकम निकाशा गरेको पाईएकोले कानुन तथा निर्देशिकाको पालना गरि दिवा खाजा रकम निकाशा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **शिक्षा**

पालिकाले वित्तिय हस्तान्नतरण अन्त्रगतका कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्दा स्विकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा तर्फको कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ को व्यवस्था अनुसार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्था निम्नाअनुसार देखिएको छ ।

· पालिका अन्त्ररगत रहेका सामुदायिक विधालयहरुका सबै त्रियाकलापहरुको कार्यपालिका बाट नियमित रुपमा अनुगमन गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड निर्धारण नगरेको साथै अनुगमन गरि प्रतिवेदन समेत तयार गरी सार्वजनिक गरेको पाईएन ।

· पालिकाभित्र रहेका सम्पूर्ण निजि विद्यालयहरुका निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र मापदण्ड बमोजिम अनुगमन गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको र अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।

· कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको र मापदण्ड बमोजिम अनुगमन गरेको छैन अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा सो वमोजिम कुनैपनि त्रियाकलाप सञ्चालन गरेको पाईएन ।

सामुदायिक विद्यालयको अभिलेख अद्यावधिक र प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक भएको विवरण

नरहेको, साथै अभिलेख बमोजिम निकासा अभिलेख खाता नरहेको र निकासा अभिलेख खाता र निकासा रकम भिडान भएको पाईएन ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४१ **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप न. २.७.१३.१३ को ९.१२ मा स्विकृत नमुना विद्यालयलाई स्वीकृत गुरुयोजनाको आधारमा वार्षिक कार्यान्वयन योजना अनुसार नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका २०७४ मा उल्लेखित क्रियाकलाप निर्धारण गरि सो बमोजिमका सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि बिनियोजित बजेटको कार्यप्रगतिसहित आवश्यक बजेटको प्रस्ताव विद्यालयबाट पेश गरि सो को आधारमा यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी अनुदान दिन सक्ने व्यावस्था रहेको छ । भौ न ३८०,२०८०।०३।२१ बाट जनता मा.वी. लाई रु ४९,९८,५४७ अनुदान निकाशा गरेकोमा देखिएमा प्रमुख व्योहोराहरु देहायअनुसार रहेका छन् ।

स्वीकृत गुरुयोजना पेश नभएको तथा वार्षिक कार्यान्वयन योजना अनुसार नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका २०७४ मा उल्लेखित क्रियाकलाप निर्धारण गरि सो बमोजिमका सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि बिनियोजित बजेटको कार्यप्रगतिसहित आवश्यक बजेटको प्रस्ताव विद्यालयबाट पेश गर्नुपर्नेमा सो पेश गरेको पाईएन । कानुन तथा निर्देशिका बमोजिम स्वीकृत गुरुयोजना तथा वार्षिक कार्यान्वयन योजना तयार गरी कार्यसम्पादन गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४२ **विद्यार्थी निर्वाह खर्च**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१० (२.६) अनुसार प्रति वद्यार्थी लागत अनुदान अन्तर्गत व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि विद्यालयलाई निकाशा गरेको अनुदान मध्ये विद्यार्थी निर्वाह खर्च स्वरुप प्रति महिना १ हजारका दरले रकम सम्वन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले भौ न ३०५ मिति २०८०।०३।१६ मा महेन्द्र मा.वि. कोपवा लाई ११४ जना विद्यार्थीको रु १५००० को दरले अनुदान बापत १७१०००० निकाशा गरेकोमा कक्षा १० मा अध्ययनरत २७ जना विद्यार्थीको ३ महिनाको, कक्षा ११ मा अध्ययनरत २७ जना विद्यार्थीको ३ महिनाको, र कक्षा १२ मा अध्ययनरत १७ जना विद्यार्थीको ६ महिनाको गरि जम्मा ७१ विद्यार्थीको २६४ महिनाको रु १००० को दरले जम्मा रु २६४००० सम्बन्धित विद्यार्थीको बैंक खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने अन्याथा असुल गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | २,६४,००० |

४३ **प्रारम्भिक बाल बिकास सहजकर्ता**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ को क्रियाकलाप नम्बर १.१.४.१(१.१) अनुसार स्वीकृत कोटा र स्थानीय तहको आफ्नै स्रोतबाट सञ्चालनको अनुमति प्राप्त बाल विकास केन्द्रको छुट्टाछुट्टै अभिलेख तयार गरि प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक प्रति महिना रु १०००० का दरले चाडपर्व खर्चसहित १३ महिना बराबरको रकम र बार्षिक रु १०००० पोशाक खर्च सहित विद्यालयको खातामा अनुदान उपलब्ध गराउनुपर्ने र यसरि अनुदान उपलब्ध गराउदा सम्बन्धित विद्यालयले प्रमाणित हाजिरी र सिफारिस पेस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न ६० वालविकास शिक्षकहरुलाई जम्मा रु ७८००००० अनुदान रकम निकाशा गरेकोमा बाल बिकास केन्द्र शिक्षकको प्रमाणित हाजिरी र सिफारिसको प्रमाण बेगर अनुदान रकम निकाशा गरेकोले आगामी दिनमा बाल बिकास केन्द्र शिक्षकको प्रमाणित हाजिरी र सिफारिसको आधारमा अनुदान रकम निकाशा गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **विद्यालय सहयोगी**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ को क्रियाकलाप नम्बर १.१.४.१(१.२)(क) अनुसार प्रत्यकेक सामुदायिक विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रु ८००० का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । नगरपालिका अन्तर्गत ४७ वटा सामुदायक विद्यालय रहेकोमा कार्यालयले ४८ विद्यालय सहयोगी कर्मचारीको लागि अनुदान खर्च लेखेकोले बढि १ संख्यामा खर्च लेखेको रकम सम्बन्धित विद्यालय यकिन गरि बढि भएमा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०४,००० |

४५ **फरक खर्च शिर्षक**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ चालु खर्च संकेत तथा वर्गीकरण र व्याख्या सम्बन्धि प्रावधान अनुसार सम्बन्धित खर्च सम्बन्धित खर्च शिषर्ककाट लेख्नुपर्ने व्यवस्था रहेको छ । देहायबमोजिम शिर्षक फरक पारी रकम खर्च गरेकोले अनियमित रु

| भौ न र मिति | भुक्तानी पाउने | लेख्नुपर्ने खर्च संकेत नम्बर | लेखेको खर्च संकेत नम्बर | रकम रु. |
|---|---|---|---|---|
| ४४,२०८०।०२।०९ | पन्च नि.मा.वि. वैजतपुर | (२२५२२) (चालु) विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | (३११३२) (पुँजिगत) विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान | ६५०००० |

| | | | | |
|---|---|---|---|---|
| ४४,२०८०।०२।०९ | शान्ति नि.मा.वि. डुङ्गहवा | (२२५२२) (चालु) विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | (३११३२) (पुँजिगत) विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान | ६५०००० |
| ४४,२०८०।०२।०९ | जनचेतना नि.मा.वि. वनगाई | (२२५२२) (चालु) विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | (३११३२) (पुँजिगत) विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान | ६५०००० |
| ४४,२०८०।०२।०९ | सूर्योदय प्रा.वि. चापागाउ | (२२५२२) (चालु) विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | (३११३२) (पुँजिगत) विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान | ६५०००० |
| ३०७,२०८०।०३।१६ | जनज्योति मा.वि. मोतिपुर | (३११३२) (पुँजिगत) विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान | (२२५२२) (चालु) विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६५०००० |
| ३०७,२०८०।०३।१६ | नवदुर्गा नि.मा.वि. मोतिपुरडाँडा | (३११३२) (पुँजिगत) विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान | (२२५२२) (चालु) विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६५०००० |
| ३०७,२०८०।०३।१६ | वालकन्या नि.मा.वि. वरदहवा | (३११३२) (पुँजिगत) विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान | (२२५२२) (चालु) विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६५०००० |
| ३०७,२०८०।०३।१६ | ओदारी मा.वि. ओदारी | (३११३२) (पुँजिगत) विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका | (२२५२२) (चालु) विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन | ६५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | लागि अनुदान | अनुदान | |
| | जम्मा रु. | | | ५२००० ०० |

| | | |
|---|---|---|
| | अनियमित भएको | ५२,००,००० |

४६ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्न नहुने रसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.१० लाख भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी छपाइ वापत रु२१८५८४८ खर्च गरेको पाइयो । कानुनको पालना गरी खर्च गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४७ **शिक्षकको तलब भत्ताः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।तर पालिकाले माति **31 may 2018** को जापान-नेपाल फिमेल एजुकेशन एशोसिएसन**(JNFEA) ,**बाणगंगा नगरपालिका र बाणगंगा माध्यामिक विद्यालय को त्रिपक्षिय सम्झौता अनुसार विभिन्न १४ विधालयका १४ जना दरवन्दी बाहिरका शिक्षक लाइ मासिक रु ७५०० को दरले आन्तरीक श्रोत बाट रु १३६५०००। तलब भत्ता भुक्तानी गरेको छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४८ **बितरणमुखी कार्यक्रमः**

1. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।नमुना छनौटको आधारमा परिक्षण गरेकोमा पालिकाले विपद व्यवस्थापन, कार्यक्रम खर्च, आर्थिक सहयोग जस्ता शिर्षकबाट रु २२६९१५२ को विभिन्न सामग्री खरिद गरि बितरण गरेको छ। कार्यविधि ातथा कुनै मापदण्ड वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ४८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४९ **वडा संचालन खर्चः**

**वडा संचालन खर्च** स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडाकार्यालयहरुको मशलन्द इन्धन मर्मत विविध खर्च लगायतका खर्च भुक्तानी गर्दा एउटै खर्च शिर्षका मसलन्द तथा कार्यालय सामाग्रि(२२३११) वाट खर्च लेखेको पाइयो। सम्वन्धित खर्च शिर्षक वाट खर्च लेखि नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५० **एकाउन्टपेयी चेक बाट भुक्तानी नभएकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(८) बमोजिम २५ हजार भन्दा वढि रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यम वाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नमुना छनौटको आधारमा परिक्षण गर्दा निम्न भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यम बाट भुक्तानी भएको पाइएन। नियमावलीमा व्यवस्था भए अनुसार एकाउन्टपेयी चेकको माध्यम वाट भुक्तानी गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ५० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१ **महोत्सव तथा अन्यखर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिनसक्ने कानूनी व्यवस्था गरेको देखिदैन। तर पालिकाले यसवर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.७५९९६. खर्च गरेका छ। कानूनको पालना गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५२ **अनुदानको अनुगमनः**

1. सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नमुना छनौट गरि परिक्षण गरेकोमा पालिकाले कृषि तथा पशु कार्यक्रम तर्फ अनुदानग्राहि छनौट तथा अनुदान वितरणको कुनै मापदणड तयार गरेको पाइएन। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५३ **औषधी तथा स्वास्थ्य सामाग्री वितरणको अवस्था**

कार्यालयलाई प्राप्त रकमबाट औषधी तथा स्वास्थ्य सामाग्री खरिद गर्दा बार्षिक अनुमान समेत तयार गरि सोही आधारमा खरिद तथा वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले औषधी तथा अन्य स्वास्थ्य सामाग्रीको प्राप्ति, वितरण र मौज्दातको अभिलेख स्पषट रुपमा अद्यावधिक गरेको देखिएन, खरिद गरेर PAMS मा Entry गरिएका औषधीहरुको म्याद समाप्त हुने मिति तथा स्पेशिफिकेशन खुलाई सफ्टवेयरमा आम्दानी तथा खर्च गर्नुपर्नेमा सो को व्यवस्थित अभिलेख देखिएन । कार्यालयले औषधी तथा अन्य स्वास्थ्य सामाग्रीको प्राप्ति, वितरण र मौज्दातको अभिलेख स्पषट रुपमा अद्यावधिक गरि औषधीहरुको म्याद समाप्त हुने मिति तथा स्पेशिफिकेशन खुलाई सफ्टवेयरमा आम्दानी तथा खर्च स्पष्ट रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्विकृत सफ्टवेयर ELMIS मा अद्यावधिक गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४ **सहभागिता भत्ता**

अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका २०७७ को बुँदा नम्बर ७.१.१५ अनुसार प्रशिक्षार्थी छनौट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम, गोष्ठीको सहभागीहरुलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना गर्नुपर्ने, तालिम, गोष्ठी, कार्यशालाको सहभागीलाई सहभागी भत्ता दिने गरी कार्यक्रममै सहभागीहरुलाई सहभागी भत्ता वा सहभागीको भ्रमण खर्च वा दुवै दिने गरी स्वीकृत भएको कार्यक्रमका सहभागीहरुलाई जिल्लाभित्र दैनिक खाने बस्ने खर्च बापत रु ७०० उपलब्ध गराउन सक्ने व्यवस्था रहेको तथा निर्देशिकोको स्पष्टिकरण अनुसार जिल्लास्तरीय तालिम भन्नाले सदरमुकाम वा अन्यन्त्र जहाँ सञ्चालन गरिने भए तापनि सहभागीको आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनुपर्दछ भन्ने व्यवस्था रहेको छ । र अर्थ मन्त्रालयले तोकेको मापदण्ड कार्यसञ्चालन निर्देशिका २०७७ को सि.नं. ७.१.१५.३ अनुसार गाउँपालिका स्तरमा संचालन भएको सिप विकास तालिममा कार्यपत्र वापत ३५० र कक्षा सञ्चालन वापत ७०० पाउने तर सम्वन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ती भएको अवस्थामा कक्षा लिए वापतको रकम नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । नमुना छनोट गरि परिक्षण गरिएकोमा कार्यालयले देहायबमोजिमका कार्यक्रमहरुमा

सहभागिता भत्ता दिने गरी कार्यक्रम स्वीकृत भएको बेगर तथा सहभागीको आवासको व्यवस्था गर्नुपर्ने तालिम बेगर विभिन्न तालिम तथा कार्यक्रमहरुमा सहभागिता भत्ता बितरण गरेको तथा कार्यालयकै कर्मचारी स्रोतव्यात्ती भएको कार्यक्रममा भत्ता वितरण गरेको पाईयो । छलफलको क्रममा पालिकाले गत विगत देखि नै सोहि दरमा खर्च लेख्दै आएकोले बढि नभएको उल्लेख गरेकोमा यस्तै र अन्य तालिम कार्यक्रममा समेत कार्यसञ्चालन निर्देशिकामा तोकिएको दरभन्दा बढि भए नभएको सम्बन्धमा पालिकाबाट नै यकिन गरि बढि भएमा असुल गर्नुपर्दछ ।

| भौ.नं. र मिति | कार्यक्रम | सहभागीको नाम/फोकल व्यात्ति | दर | संख्या | करकट्टी | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १४०,२०७९ ।११।२१ | राष्ट्रिय महिला स्वयंसेवक वार्षिक समिक्षा गोष्ठी | विष्णु आचार्य | १००० | २ | ३०० | १७०० | प्रशिक्षण |
| | | राजु सुनारी | १००० | २ | ३०० | १७०० | प्रशिक्षण |
| | | परशुराम थारु | १००० | २ | ३०० | १७०० | प्रशिक्षण |
| | | भत्तिराम पाण्डे | १००० | २ | ३०० | १७०० | प्रशिक्षण |
| | | जित बहादुर पौडेल | १००० | २ | ३०० | १७०० | प्रशिक्षण |
| | | ढगराज पौडेल | १००० | ४ | ६०० | ३४०० | प्रशिक्षण |
| | | हिमलाल घिमिरे | १००० | ४ | ६०० | ३४०० | प्रशिक्षण |
| | | दुर्गा पोखरेल | १००० | ४ | ६०० | ३४०० | प्रशिक्षण |
| | | जिवन थापा | १००० | ४ | ६०० | ३४०० | प्रशिक्षण |
| | | ढगराज पौडेल | १००० | ४ | ६०० | ३४०० | प्रशिक्षण |
| | | पुष्पा पौडेल घिमिरे | १००० | ४ | ६०० | ३४०० | प्रशिक्षण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | भत्तिराम पाण्डे | १००० | ४ | ६०० | ३४०० | प्रशिक्षण |
| | | कृष्ण प्रसाद घिमिरे | १००० | ४ | ६०० | ३४०० | प्रशिक्षण |
| ९४,२०८९।१०।०३ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक सुचना संकलन, भेरिएसन एवम् गुणस्तर सुधार साथै चौमासिक वार्षिक समिक्षा कार्यक्रम | ठगराज पौडेल(फोकल पर्सन) | ७०० | १०४ | १०९२० | ६१८८० | सहभागिता भत्ता |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५ **शिक्षकको बढि तलब निकाशा**

*४.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. ३४७२९।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५६ **संघिय संचितकोष फिर्ता गर्नुपर्ने**

*४.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. १६४३४६।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **भर्पाई गरि भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) अनुसार सेवा प्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैंयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यावस्था रहेको छ ।नमुना छनोट गरि परिक्षण गरिएकोमा कार्यालयले लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्दा लघु उद्यम सहजकर्तालाई पेश्की रकम दिने र विभिन्न प्रशिक्षकहरुलाई कार्यालय र सेवा प्रदायक प्रशिक्षक बिच सम्झौता बेगर प्रशिक्षण गरेबापत पारिश्रमिक जनाई खर्च लेख्ने गरेको पाईयो । पूर्वनिर्धारित भएको कार्यक्रममा प्रशिक्षक संग सम्झौता गर्नुपर्ने र कर्मचारीहरुलाई पेश्की नदिई सोझै प्रशिक्षकलाई भुक्तानी दिनुपर्दछ । विभिन्न कार्यक्रमहरुमा प्रशिक्षण बापतको पारिश्रमिक भुक्तानी गर्दा एकाउन्टपेयी चेकद्वारा भुक्तानी नगरि

भर्पाईको आधारमा भुक्तानी गरेकोले यसतर्फ सुधार हुनुपर्दछ ।

| भौ न र मिति | कार्यक्रम | प्रशिक्षक | रकम रु |
|---|---|---|---|
| ११८।२०७९।१०।१५ | तान ढाका बुनाई कार्यक्रम | अमृता बुढाथोकी | ७२००० |
| ९७।२०७९।१०।०३ | २० दिने ढाकाको कपडाबाट एड्भान्स सिप तालिम | बसन्ती सेन मल्ल | ४४००० |
| १८९।२०८०।०१।१२ | ३० दिने तान धागोबाट सल कुर्ता बनाउने तालिम | लक्ष्मि सारु मगर | ३६००० |
| १९१।२०८०।०१।१३ | ३० दिने तान धागोबाट सल कुर्ता बनाउने तालिम | धनि सोमै | ३६००० |
| १९०।२०८०।०१।१३ | ३० दिने तान धागोबाट सल कुर्ता बनाउने तालिम | मन्जु सारु | ३६००० |
| जम्मा रु | | | २०७८०० |

सैद्धान्तिक बेरुजु

५८ **ननफाइलर**

आयकर ऐन, २०५८ को दफा ९८ अनुसार आयकर दर्ता भएका प्रत्येक ब्यक्ती/ ब्यवसायीले आय वर्ष समाप्त भएको ३ महिना भित्रका सो वर्षको आय विवरण आन्तरिक राजश्व विभागले तोकेको स्थानमा दाखिला गर्नु पर्ने वयवस्था छ । कार्यालयले निर्माण व्यवसायीबाट निर्माण कार्य गराउँदा विगत वर्षदेखि सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आय विवरण दाखिला नगरि नन-फाइलर रहेकोमा सोहि निर्माण व्यवसायिबाट काम गराएको देखियो । यसरी ब्यवसायिक कारोबार गर्ने तर आय विवरण दाखिला नगर्दा आयको चुहावट हुने भएकोले NonFiler भएका ब्यवसायीबाट कारोबार गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । जय अम्बे।एस.ए.बि.आर.कन्स्ट्रक्सन जे.भि.( पान नं.६१७६७९०५३) लाइ मू.अ.कर रु.४३५३८९।०० सहित कुल रु.३८१८२४७।०० भुक्तानि दिएकोमा सो कारोबारको निर्माण व्यवसायीले ऐन अनुसार सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा

आय बिबरण नबुझाइ NonFiler देखिएकोले निर्माण ब्यवसायीलाई आयकर ऐन, २०५८ को दफा ११७ बमोजिम कारवाहीका लागी सम्बन्धित राजश्व कार्यालयमा लेखि पठाइ मू.अ.कर समायोजन पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु....

**प्राबिधिक मूल्यांकन र बिल बिजक बिच सामान्जस्यता M—** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने र नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन,बिल,भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने एवम योजनाहरुको कार्यान्वयन गर्दा दर बिश्लषण अनुसार लागत अनुमान तयार गरि सोहि दरबिश्लेषण अनुसार दक्ष तथा अदक्ष ज्यामि ज्याला र निर्माण सामाग्रिहरुको बिल बिजक उपभोक्ता समितिबाट पेश हुनुपर्ने व्यवस्था रहेको छ । यस बर्ष उपभोक्ता समितिहरुबाट निर्माण भएका योजनाहरु नमूना छनौटको आधारमा परीक्षण गर्दा केहि योजनाहरुको डण्डि,ईटा लगायत निर्माण काममा प्रयोग हुने मुख्य मुख्य आइटममा प्राबिधिक मूल्यांकनको परिमाण अनुसार आवाश्यक पर्ने निर्माण सामाग्रि खरिद नगरि कम परिमाणमा निर्माण सामाग्रि खरिद गरि प्राबिधिक मूल्यांकनको परिमाणको नर्मस भन्दा बढिको अर्थात नर्मस अनुसार लाग्ने ज्यामि भन्दा बढि ज्यामी लागेको डोर हाजिर तथा रितपूर्बको ढुवानिको बिल बिजक पेश नगरि सामान्य भरपाई पेश गरेको पाइयो । यसरि उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ प्राबिधिक मूल्यांकन अनुसार आवाश्यक पर्ने निर्माण सामाग्रि भन्दा कम परिमाण खरिद गरि काम गरेकोले उपभोक्ता समितिहरुबाट भएको कामको गुणस्तर तोकिएको मापदण्ड तथा नर्म्स अनुसार भएको छ भन्न सकिने आधार देखिएन । तसर्थ उपभोक्ता समितिबाट भएको कामको परिक्षण गरेको मध्ये देहायमा अनुसारका उदाहरणको लागि केहि उपभोक्ता समितिहरुले प्राबिधिक मूल्यांकन अनुसार लाग्ने निर्माण सामाग्रिको परिमाण भन्दा रु.।०० कम परिमाणको निर्माण सामाग्रि खरिद गरि निर्माण काम गराएको र बिल बिजक पेश गरेकोले प्रचलित नर्मस तथा नियम अनुसार नभएकोले यस सुधार गर्नुपर्दछ । यस सम्बन्धि केहि उदाहरणहरु निम्नानुसार रहेका छन ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३५,३८९ |

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ५९ कोइलि खोलामा बुटकहावा ट्रस पुलको नगरपालिकाले नब्यहोरेको

बुटकहावा ट्रस पुल जडानको काम उपभोक्ता समिति र पालिका बिच पुल जडानको काम गर्न लागत अनुमान अनुमान रकमको उपभोक्ता समितिले २ प्रतिशत,नगरपालिकाले १३ प्रतिशत र संघिय सरकारबाट ८५ प्रतिशत व्यहोर्ने गरि उपभोक्ता समितिसँग मिति २०७९।१०।२५ मा सम्झौता गरेको पाइयो । कोइलि खोलामा बुटकहावा ट्रस पुल जडानको काम उपभोक्ता समितिले गर्ने गरि सम्झौता भए अनुसार उपभोक्ता समितिको योगदान समेत रु.१३६७८९९।०० को प्राबिधिक मूल्यांकन भएकोमा संघिय बजेटको गो.भौ.नं.५१।२०८०।२।२९ बाट रु.१२०४६४३।०० भुक्तानि दिएकोमा उपभोक्ता समितिको योगदान कट्टा गरि भुक्तानि दिनुपर्ने रु.१२४१८९९।०० को १३ प्रतिशतले हुने रकम रु.१६१४४६।०० नगरपालिकाले ब्यहोर्नुपर्नेमा संघिय बजेटबाट भुक्तानि दिएकोले संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.......................

**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समिति तथा निर्माण व्यवसायहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा हाल भएको परिमा र रकम,अघिल्लो रनिङ्ग बिलमा भएको परिमाण र रकम तथा हालसम्म भएको कामको परिमाण र रकम एवम लागत अनुमानमा काम गर्नुपर्ने चेनज नं. तथा नापि र प्राबिधिक मूल्यांकनमा काम भएको चेनेज नं समेत खुलाउनुपर्नेमा योजनाहरुको नापि किताब तथा प्राबिधिक मूल्यांकनमा हालको कामको मूल्यांकन मात्र खुलाउने गरेको र चेनेज नं समेत खुलाउने नगरेको कारण ईन्जिनियरिङ्ग नमर्स पालना गरि प्राबिधिक मूल्यांकनमा तथ्याङ्क उल्लेख गर्नु गराउनु पर्दछ । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा साथै निर्माण काम स्विकृत योजना अनुसार सम्बन्धित स्थानमा संचालन भएको यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको प्राबिधिक बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६१,४४६ |

६० **ठेक्काबाट बचत रकमबाट पुन उपभोक्ता मार्फत काम गराएको**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धि व्यवस्था छ । प्रदेश तथा संघिय सरकारबाट स्थानिय तहलाइ प्राप्त हुने बिशेष,समपुरक लगायतका अनुदानबाट प्राप्त हुने बजेटबाट स्विकृत कार्यक्रम संचालन गर्दा उपभोक्ता समितिबाट नगराइ प्रतिस्पर्धाको माध्यमबाट संचालन गर्नुपर्ने र प्रतिस्पर्धाबाट गराउदाँ बचत हुन जाने रकम सम्बन्धित सरकारको संचितकोषमा फिर्ता पठाउनुपर्ने ब्यवस्था रहेको छ । पालिका अन्तर्गतका बिभिन्न बिद्यालयहरुलाइ प्राप्त भएको बजेटबाट स्विकृत तथा लागत अनुमान अनुसार तोकिएको निर्माणको काम प्रतिस्पर्धाको माध्यमबाट सम्पन्न भए पश्चात बचत रकमबाट पुन सोहि बिद्यालयहरुमा उपभोक्ता समितिबाट निर्माण काम गराएको बिबरण पेश भएकोले बिद्यालयहरुको निर्माण काम लागत अनुमान अनुसार तोकिएको निर्माण काम सम्पन्न पश्चात पुन सोहि बिद्यालय व्यवस्थापनले उपभोक्ता समितिबाट गराइ रु.६४४०८३०।०० उपभोक्ता समितिलाइ भुक्तानि दिएको हुनाले संघिय संचितकोषमा फिर्ता गर्ने रकम उपभोक्ता समितिबाट गराएको र ति बिद्यालयहरुमा निर्माणको थप काम नियमानुसार भेरिएश गरि निर्माण व्यवसायिहरुबाट गराएको खण्डमा मितब्ययि हुने तर्फ पालिकाले ध्यान नदिइ बचत रकमबाट उपभोक्ता मार्फत काम गराउदा लागत अनुमानको दररेटमा गराएको कारण थप व्ययभार पर्न गएको पाइएकोले यसरि काम गराएको नियमसम्मत नदेखिएको हुदाँ पालिकाले यस प्रकारको काममा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६१ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.०८ देखि ४०.८९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समिति तथा निर्माण व्यवसायहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा हाल भएको परिमा र रकम,अघिल्लो रनिङ्ग बिलमा भएको परिमाण र रकम तथा हालसम्म भएको कामको परिमाण र रकम एवम लागत अनुमानमा काम गर्नुपर्ने चेनज नं. तथा नापि र प्राबिधिक मूल्यांकनमा काम भएको चेनेज नं समेत खुलाउनुपर्नेमा योजनाहरुको नापि किताब तथा प्राबिधिक मूल्यांकनमा हालको कामको मूल्यांकन मात्र खुलाउने गरेको र चेनेज नं समेत खुलाउने नगरेको कारण ईन्जिनियरिङ्ग नमर्स पालना गरि प्राबिधिक मूल्यांकनमा तथ्याङ्क उल्लेख गर्नु गराउनु पर्दछ । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा साथै निर्माण काम स्विकृत योजना अनुसार सम्बन्धित स्थानमा संचालन भएको यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको प्राबिधिक बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ६१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६२ डिप बोरिङ्ग जडान

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने, कुनै सव कन्ट्र्याक्टरबाट गराउन नसकिने,उपभोक्ताले सम्झौता अनुसार तोकिएको समयमा सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायलाइ जानकारि दिनुपर्ने र सार्वजनिक निकायले उपभोक्ता समितिसँग भएको सम्झौता तोडि बाँकि काम ऐन नियम अनुसार गराउनुपर्ने,उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाको वडा नं. ३ मा गंगोलिया जल उपभोक्ता समितिबाट डिप बोरिङ्ग जडान गर्न उपभोक्ताको ३ प्रतिशत योगदान समेत कुल लागत रु.४००७११९।०० भइ मिति २०८०।२।२ मा सम्झौता भए अनुसार कुल प्राबिधिक मूल्यांकन रु.३८८५९२६।०० भइ उपभोक्ताको नगद लागत सहभागिता रु.१२३७२७।०० समेत गो.भौ.नं.७५ र ४७९ मिति २०८०।३।२४ बाट रु.३७७६४९८।०० भुक्तानि भएको पाइयो । यसरि नियममा भएको व्यवस्था बिपरित जटिल प्रकृतिको डिप बोरिङ्गको काम उपभोक्ता समितिलाइ दिएकोमा उपभोक्ता समितिले डिप बोरिङ्गको काम के.एम.एस.ड्रिलिङ्ग क.एण्ड सप्लायर्स प्रा.लि.लमहि दाङबाट रु.२४२०९०७।०० र बिद्युतिकरणको काम रेसुङ्गा कन्स्ट्रक्सनबाट रु.६११४९८।०० गराएको देखिएकोले यस प्रकारको काम उपभोक्ता समितिबाट गराएको नियमसम्मत देखिएन । यस सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।

**डिप बोरिङ्ग जडानमा उपभोक्ताको लागत सहभागिता कम भएको:** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि बिकास कार्यक्रम संचालन सम्बन्धि कार्यबिधि,२०७९ को दफा नं. ५ मा प्रदेश मन्त्रालय तथा अन्तर्गतका निकाय र स्थानीय तहले सशर्त कार्यक्रम अन्तर्गत संचालन गरिने कृषि बिकास कार्यक्रमको अनुदान रकमको सम्बन्धमा कृषक समूह वा कृषि सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु वा कृषि उद्यमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि पूर्वाधारहरु (सामूदायिक कृषि पूर्वाधार) को हकमा अधिकतम ८५ प्रतिशत हुनेछ भनि स्पष्ट व्यवस्था गरेको छ । गंगोलिया जल उपभोक्ता समितिबाट डिप बोरिङ्ग जडानको काम गरि कुल प्राबिधिक मूल्यांकन रु.३८८५९२६।०० भइ उपभोक्ताको नगद लागत सहभागिता रु.१२३७२७।०० समेत गो.भौ.नं.७५ र ४७९ मिति २०८०।३।२४ बाट रु.३७७६४९८।०० भुक्तानि भएकोले कार्यबिधि अनुसार १५ प्रतिशत उपभोक्ता समितिले योगदान गर्नुपर्नेमा ३ प्रतिशत मात्र ब्यहोरेकोले नपूग १२ प्रतिशतले हुने रु.४६६३११।०० असुल गरि संघिय संचितकोषमा फिर्ता हुनुपर्ने रु.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६६,३११ |

## ६३ उपभोक्ता समितिलाइ मू अ कर भुक्तानि

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ तथा उपभोक्ता समितिसँग भएको सम्झौतामा उपभोक्ताले खरिदमा पान दर्ता भएकोसँग र रु २० हजार भन्दा बढि रकमको खरिद तथा कारोबार गर्दा मू अ कर दर्ता भएकोसँग गर्नुपर्ने व्यवस्था भएको एवम उपभोक्तालाइ निर्माण सामाग्रिमा मू अ कर समावेश गरि दररेटको आधारमा लागत अनुमान तयार गरेको हुनाले उपभोक्ता समितिहरुले मू अ कर भुक्तानि भएको सामानहरुको अनिवार्य मू अ कर बिजक पेश गर्नुपर्नेमा देहाय अनुसार पान बिल पेश गरेको वा खरिद बिजक नै पेश नगरेकोले मू अ कर वापत भुक्तानि भएको रकम रु.१५३४८।०० असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३४८ |

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६४ **रितपूर्बकको बिजक पेश नभएको**

*<u>x</u>.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. १२८९२९१।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६७,३१५ |

**(विस्तृत विवरण बेरूजु दफा ६४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६५ **नाफामूलक,निजि संस्था तथा गैर सहकारी संस्थाहरुमा लगानि**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थनीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । कार्यालयहरुले प्रचलित कानून अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गरि नाफा कमाउने उद्देश्यले स्थापित संस्थाको लागि लगानी गर्न मिल्ने देखिदैन । यस वर्ष नाफामूलक तथा गैर सहकारी संस्थाहरुको भवन निर्माण लगातयका कामहरुको लागि बजेट बिनियोजन गरि पूर्वाधार तथा कार्यक्रम संचालन गर्न रकम भुक्तानि दिने गरेको पाइएकोले यस प्रकारको परिपाटीमा सुधार गर्नु पर्दछ । साथै यय वर्ष देहाय अनुसारका नाफामूलक,निजि संस्था तथा गैर सहकारी संस्थाहरुको भवन निर्माण लगातयका कामको लागि रु.४३१३८७६।०० भुक्तानि दिएको पाइएको हुनाले त्यस प्रकारको संस्थाहरुको लागि लगानी गरेको नियमसम्मत नभएको रु.......

| | |
|---|---|
| अनियमित भएको | ४३,१३,८७६ |

**(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६६ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि,२०७५ को दफा ७ मा लाभग्राहि समुदायबाट निर्माण काम सम्पन्न पश्चात स्थानिय तहको प्राबिधिकबाट नापजाँच गरि अनूसुचि ३ बमोजिमको ढाँचामा लाभग्राहिको नाम,क्रमसंख्या,सम्झौता सम्बन्धिको आवाश्यक बिबरण तथा नापजाँच गरेको मिति समेत खुल्ने गरि प्रतिबेदन पेश भई स्थानिय तहले प्रमाणित गरेपछि निर्माण सम्पन्न मानिने उल्लेख छ । यस वर्ष पालिकाबाट प्राप्त बिबरण अनुसार देहाय अनुसारका ७८ जनालाइ प्रथम किस्ता वापत पेश्कि नजनाई गो.भौ.नं.६६।२०८०।३।२३ बाट रु.३४५९४५६।०० भुक्तानि दिएकोमा निर्माण काम सम्पन्न गरि प्राबिधिक मूल्यांकन तथा निर्माण सम्पन्न गरि प्राबिधिक मूल्यांकन पेश हुनुपर्ने रु........................

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,५९,४५६ |

**(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६७ **उपभोक्ता परीचालन**

६७.१ **१ प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ।

**२ उपभोक्ता समिति दर्ताः**÷ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ५२६ वटा उपभोक्ता समितिसँग रु लागत अनुमानका ५२६ सम्झौता गरी कार्य गराई रु. १६९६६३९४५ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

**३ लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले आंशिकरुपमा लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको पाईयो । अतः सबै योजनाहरुमा नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

**४ जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, , कल्भर्ट, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य

समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

**(विस्तृत विवरण बेरूजु दफा ६७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६७.२ **उपभोक्ता समितिलाई मू. अ. कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ । उपभोक्ता संस्थाहरु गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता पनि नहुने तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानुनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन मिल्ने देखिंदैन । पालिकाले निम्नलिखित योजनाको लागत अनुमान तयार गर्दा निमार्ण सामाग्रीको मुल्यमा मू.अ.कर थप गरी लागत तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी मूल्य अभिवृद्धि करवापतको रकम भुक्तानी दिएको छ ।तर उपभोक्ता समितिहरुले यस्तो निर्माण सामाग्री खरिद गरेको भनि सादा भरपाई पेश गरेकोका कारण उपभोक्ता समितिहरुले निर्माण सामाग्री खरिदमा मुल्य अभिबृद्दिकर तिरेको छन् भन्ने अवस्था रहेन । लेखापरीक्षणका लागि छनौट गरिएको तपसिल बमोजिमका उपभोक्ता समिलिाई सामान खरिदमा तपसिल बमोजिम मू.अ.कर भुक्तानी भएकोले समितीहरुरुले सामाग्री खरिद गरी. मु.अ.कर बुझाएको कर विजक पेश गर्नु पर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३०,७२३ |

**(विस्तृत विवरण बेरूजु दफा ६७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६७.३ **नर्म्सभन्दा बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।यसै गरी नेपाल सरकार सडक विभागवाट स्विकृत सडक तथा पुल निर्माण सम्बन्धी नर्म्स २०७५ को १७००,२००० सेरिजहरुमा पि.सि.सि आर.सि.सि संरचनाहरुको विश्लेशणमा फर्मावापतको रकम समावेश नभएको अवस्थामा मात्र १८०० सेरिज फर्मावापत विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत संचालित योजना मध्ये नमुना छनौट गरी परीक्षण गरिएका निम्न योजनाहरुको लागत अनुमान तयार गर्दा पि.सि.सि आर.सि.सि संरचनाहरुको विश्लेशणमा फर्माका लागी ४ प्रतिशत थप गरी दर तयार पारेको अवस्थामा पुन फर्मा वापत छुट्टै बि.ओ.क्यू आईटम राखि दरविश्लेण गरेको आधारमा लागत अनुमान तयार गरेको पाईयो । उपभोक्ता समितिलाई सम्झौताकै दरमा भुक्तानी हुने हुदाँ फर्माको कार्यवापत दुई पटक भुक्तानी हुन गई स्विकृत नर्म्स भन्दा रु २,९७,००९ बढी भुक्तानी भएको छ । तसर्थ बढी भुक्तानी भएकोले जनसहभागिताको अंश कट्टा गरी बढी रकम असुल हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९७,००९ |

**(विस्तृत विवरण बेरूजु दफा ६७.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६८ प्रदेश तर्फ उपभोक्ता परीचालन

६८.१ **प्रदेश पुजिगत तर्फ उपभोक्ता समितिलाई मू. अ. कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ । उपभोक्ता संस्थाहरु गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता पनि नहुने तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानुनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन मिल्ने देखिंदैन । पालिकाले निम्नलिखित योजनाको लागत अनुमान तयार गर्दा निमार्ण सामाग्रीको मुल्यमा मू.अ.कर थप गरी लागत तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी मूल्य अभिवृद्धि करवापतको रकम भुक्तानी दिएको छ ।तर उपभोक्ता समितिहरुले यस्तो निर्माण सामाग्री खरिद गरेको भनि सादा भरपाई पेश गरेकोका कारण उपभोक्ता समितिहरुले निर्माण सामाग्री खरिदमा मुल्य अभिबृद्दिकर तिरेको छन् भन्ने अवस्था रहेन । लेखापरीक्षणका लागि छनौट गरिएको तपसिल बमोजिमका उपभोक्ता समिलिाई सामान खरिदमा तपसिल बमोजिम मू.अ.कर भुक्तानी भएकोले समितीहरुरुले सामाग्री खरिद गरी. मु.अ.कर बुझाएको कर विजक पेश गर्नु पर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७३,८१५ |

**(विस्तृत विवरण बेरूजु दफा ६८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६८.२ प्रदेश पुजिगत

नर्म्सभन्दा बढी भुक्तानी — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।यसै गरी नेपाल सरकार सडक विभागवाट स्विकृत सडक तथा पुल निर्माण सम्बन्धी नर्म्स २०७५ को १७००,२००० सेरिजहरुमा पि.सि.सि आर.सि.सि संरचनाहरुको विश्लेशणमा फर्मावापतको रकम समावेश नभएको अवस्थामा मात्र १८०० सेरिज फर्मावापत विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत संचालित योजना मध्ये नमुना छनौट गरी परीक्षण गरिएका निम्न योजनाहरुको लागत अनुमान तयार गर्दा पि.सि.सि आर.सि.सि संरचनाहरुको विश्लेशणमा फर्माका लागी ४ प्रतिशत थप गरी दर तयार पारेको अवस्थामा पुन फर्मा वापत छुट्टै बि.ओ.क्यू आईटम राखि दरविश्लेण गरेको आधारमा लागत अनुमान तयार गरेको पाईयो । उपभोक्ता समितिलाई सम्झौताकै दरमा भुक्तानी हुने हुदाँ फर्माको कार्यवापत दुई पटक भुक्तानी हुन गई स्विकृत नर्म्स भन्दा रु ४९५८३ बढी भुक्तानी भएको छ । तसर्थ बढी भुक्तानी भएकोले जनसहभागिताको अंश कट्टा गरी बढी रकम असुल हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,५८३ |

**(विस्तृत विवरण बेरूजु दफा ६८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६८.३ **प्रदेश चालु**

**उपभोक्ता समितिलाई मू. अ. कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ । उपभोक्ता संस्थाहरु गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता पनि नहुने तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानुनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन मिल्ने देखिंदैन । पालिकाले निम्नलिखित योजनाको लागत अनुमान तयार गर्दा निमार्ण सामाग्रीको मुल्यमा मू.अ.कर थप गरी लागत तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी मूल्य अभिवृद्धि करवापतको रकम भुक्तानी दिएको छ ।तर उपभोक्ता समितिहरुले यस्तो निर्माण सामाग्री खरिद गरेको भनि सादा भरपाई पेश गरेकोका कारण उपभोक्ता समितिहरुले निर्माण सामाग्री खरिदमा मुल्य अभिबृद्दिकर तिरेको छन् भन्ने अवस्था रहेन । झण्डा मा वि निर्माण उपभोक्ता समिलिाई सामान खरिदमा रु २३२३ मू.अ.कर भुक्तानी भएकोले समितीहरुरुले सामाग्री खरिद गरी. मु.अ.कर बुझाएको कर विजक पेश गर्नु पर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३२३ |

६९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.१० लाख भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी मेशनरी सामग्रि खरिदमा निम्न अनुसार खर्च गरेको अनियमित देखिएको छ । यस्तो कार्यमा सुधार गरी प्याकेज बनाई प्रतिस्पर्धात्मक तवरले खरिद कार्य गर्नु पर्दछ ।

| गौ भौ न | मिति | सामाग्री | सप्लायर्स | खर्च रकम |
|---|---|---|---|---|
| | | | | |
| १० | 14-07-2079 | ल्यापटप कम्प्युटर | बुटवल कम्प्युटर | २५७००० |
| २५ | 03-10-2079 | कम्प्युटर | बुटवल कम्प्युटर | १४४३०० |
| २७६ | ८०।३।८ | कम्प्यूटर | एन डि कम्प्यूटर | ९२००० |

| | | | | |
|---|---|---|---|---|
| २७५ | ८०।३।८ | कम्प्यूटर | एन डि कम्प्यूटर | १२३१७० |
| २८८ | ३।१४ | प्रिन्टर लगायत | जि फाईभ मोवाईलमार्ट | २२९९८९ |
| २९० | ८०।३।१५ | ल्याप्टप | पौडेल ईलेक्ट्रोनिक्स | १२७००० |
| ३०७ | ८०।३।१९ | ल्याप्टप | ओम साई ईलेक्ट्रोनिक्स | २०३००० |
| ६९ | 79-11-22 | कम्प्युटर | लोयल कम्प्युटर | ४२२५९० |
| १३५ | 79-12-28 | ल्यापटप | एन.डि. कम्प्युटर | ११२४९९ |
| १३३ | 79-12-28 | प्रिन्टर हार्डडिक्स | लोयल कम्प्युटर सप्लायर्स | ५१५२८ |
| | | | | १७६३०७३ |

सैद्धान्तिक बेरुजु

७० **नाम नखुलेको धरौटी**

आर्थिककार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ६७(२) बमोजिम धरौटी फिर्ता पाउने ठहर भएको १ बर्ष सम्म धरौटी फिर्ता लिन नआएको तथा नियम ६८(घ) अनुसार प्रयोजन नखुलेको खातामा जम्मा भएको धरौटी राजश्वमा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । कार्यालयले आर्थिक बर्ष २०७८।७९को अन्त्यमा तयार पारेको धरौटीको विवरण अनुसार नामनखुलेको धरौटी भनी रु ७५०००० अ ल्या गरेकोमा मिति २०७९।६।७ मा ग्रिस्मा निर्माण सेवालाई फिर्ता गरेको छ । यस्तो धरौटी फिर्ता गर्दा गत विगतको निजको नामको कार्यसम्पादन धरौटी भुलवस नामनखुलेको धरौटीमा परेको भनि कार्यालय प्रमुखको निणर्यको आधारमा फिर्ता गरेको छ । कार्यालयले नामनामेसी नभएको धरौटी मा गर्न आउने सुचना जारी गरेको छैन । अत निमायवलीको व्यवस्था अनुरुप समयमै राजश्व खातामा नराखि धरौटीमा लामो समय सम्म नामनामेसी नखुलेको जनाई राख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **प्रदेश कृषी यन्त्रिकरण अनुदान**

प्रदेश शसर्त अनुदान कृषि यन्त्रिकरण अनुदान कार्यक्रम(वडा न ८) तर्फ रु २० लाख बिनियोजन भएकोमा ४० कृषि

फर्महरुलाई रु ३९७६६०० मुल्यका कृषि यन्त्र उपकरण ५० प्रतिशत अनुदानमा उपलब्ध गराई रु १९,५७,८०० खर्च गरेको छ । प्रदेश सरकारवाट वडा न ८ का कृषकलाई मात्र हुने गरी योजना संचलान गर्नु उपयुक्त देखिएन । उपकरण हस्तान्तरण सम्झौता अनुसार यन्त्र उपकरण पाउने फर्महरुले ५ बर्ष सम्म सहुलियतमा सेवा प्रदान गर्नु पर्ने, मर्मत सम्भारको व्यवस्था गर्नु पर्ने उल्लेख भएकोमा यस्ता फर्महरुले कृषकलाई सहुलियत दिए नदिएको सम्बन्धमा पालिकावाट अनुगमन भएको पाईएन । अत अनुदानको प्रभावकारी अनुगमन हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७२ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा रिटेन्सन मनी फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयवाट जारी मुल्य अभिवृद्दिकर समायोजन र करचुक्ता प्रमाण आधारमा फिर्ता गर्नु पर्नेमा कार्यालयले निम्नाअनुसार रिटेन्सन मनि रु फिर्ता गर्दा मुल्य अभिवृद्दिकर समायोजन पत्र संलग्न नगरी फिर्ता गरेको तथा मुल्य अभिबृद्दीकर समायोजन पत्र संलग्न गरेका निर्माण व्यवसायीहरुले घटि कारोवार समावेश गरी पेश गरेको समायोजनको तुलानामा बढी धरौटी फिर्ता लिएको पाईयो ।अत समायोजन प्रमाण पेश नभएको व्यवसायीको समायोजन पत्र पेश हुनु पर्ने तथा शिवम बिल्ड्रसको २०७७।९।२१पत्रवाट बिजक न ३ को रु ३९५७५०० मात्र कारोवार पेश गरी मुल्यअभिवृद्दिकर समायोजन पत्रको आधारमा धरौटी फिर्ता लगेकोले कारोवार सम्बन्धमा सम्बन्धित आन्तरिक राजश्व कार्यालय मार्फत अवस्था यकिन गरि थप रकमको समायोजन पत्र पेश हुनु पर्ने रु

| क्र. सं. | गो.भौ.नं. | फिर्ता पाउने | मु अ कर समायोजन बेगर फिर्ता रकम | समायोजन रकम | समायोजनका आधारमा हुने फिर्ता | बढी फिर्ता |
|---|---|---|---|---|---|---|
| १ | १८।७९।७। २१ | शिवम बिल्ड्रस | ४०३९१७ | ३९५७५०० | १९७८७५ | २०६०४ २ |
| २ | २०।७९।७। २९ | देउराली ईन्ज कम्पनी | ९१२१० | | | |
| | | | ४९५१२७ | | | |

| प्रमाण पेश नगरेको | २,९७,२५२ |
|---|---|

७३ **अन्य प्रयोजन खर्च** :-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार स्थानिय तहको बजेट तर्जुमा गर्दा स्थानीय तहको कार्यक्षेत्र भित्र पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।तर पालिकाले स्थानिय तहको कार्यक्षेत्र भन्दा बाहिरका आफ्नै छुट्टै बजेट तथा कार्यक्रम हुने संघिय सरकारका निकाय तथा नाफा मुलक संस्थाका भौत्तिक

संरचना निर्माणमा बजेट बिनियोजन गरी खर्च लेखेको पाईयो । स्थानिय सरकारको स्रोत अन्य तहका निकायहरुका लागी खर्च गर्ने तथा नाफामुलक संस्थाका लागि खर्च गर्ने कार्यले स्थानिय योजना र विकासका लागी स्रोत अभाव हुने देखिन्छ । अत यस्तो कार्यमा नियन्त्रण गर्दै स्थानिय विकासमा प्राथिमकता आधारमा बजेट बिनियोजन नगरी सो बिपरित नाफामुलक संस्थाका लागि समेत बिनियोजन तथा खर्च गरेको तथा संघिय सरकारको तहवाट उक्त कार्यका लागी बजेट खर्च नभएको प्रमाण बेगर खर्च लेखेको पाईएकोले आवस्यक प्रमाण पेश गर्नु पर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

**(विस्तृत विवरण बेरूजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७४ **गुणस्तर सुनिश्चितताः** निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर सुनिश्चतताको लागि प्रयोगशाला परीक्षण (Lab test) गरिएको हुनु पर्दछ । निर्माण कार्यमा प्रयोग गरेका डण्डी, गिट्टी, सिमेन्ट, बालुवाको गुणस्तर परिक्षण गरेको छैन । उल्लिखित निर्माण सामाग्रीको Strength test कार्यालयले गराउन लगाएको पनि देखिएन । निर्माण सम्पन्न पश्चातसमेत गुणस्तर परिक्षण गराएको नदेखिएकोले गुणस्तर सुनिश्चितता हुन सकेन । कार्यमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परिक्षण गराई गुणस्तर सुनिश्चित गरिनु पर्दछ ।

गो भौ न २४।७९।९।२४वाट ईन्द्रकार्कीको घर देखि रविन मल्लको घर सम्म सडक स्तरनोन्ति तथा ईन्टरबल्क छाप्ने कार्य गरी उपभोक्ता समितिलाई रु ९७०००० भुक्तानी भएकोमा समितिवाट पेश भएको ईन्टरब्लक एम ३५ को ३ नमुना ब्लकको औषत स्ट्रेन्थ ४३.८१ N/MM रहेको छ ।ब्रिटिस स्टयाण्ड १८८१ बमोजिम परिक्षण गरिएको उल्लेख भएको प्रतिवेदनमा Age of Block नरहेको ,परीक्षण प्रतिवेदनमा ३ नमुनाको ३८.५९,देखी ४८.८ सम्म देखिएको छ भने block Strength = corrected load /Length*Breadth रहेकोमा प्रतिवेदनमा length Breadth खालि रहेको छ । length Breadth खालि रहेको अवस्थामा गणना भएको Block strength बिश्सनिय देखिएन ।अत समितिवाट पेश भएको प्रयोगशाला प्रतिवेदन सम्बन्धमा पालिकावाट यकिन गरी सुनिश्चित गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९३,२३१ |

७५ **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । उपभोक्ता समितिहरुबाट गराएको निर्माण कामको सक्कल बिल बिजक पालिकामा पेश गरे पश्चात भुक्तानि दिनुपर्नेमा नक्कल बिल बिजकको आधारमा भुक्तानि दिएको नियमसम्मत देखिएन । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यस सम्बन्धि

केहि उदाहरणहरु देहाय बमोजिम रहेका छन ।

**शान्तिकुञ्ज मधुवनधामलाइ चालुतर्फ बजेट भन्दा बढि भुक्तानिः** पालिकाको वडा नं. ८ मा रहेको शान्तिकुञ्ज मधुवनधामको गौशला व्यवस्थापनको लागि आर्थिक वर्ष २०७९।८० को लागि पूँजिगततर्फ निर्माणमा रु.२५ लाख र गौशला व्यवस्थापन अन्तर्गत चालुतर्फ रु.५ लाख बजेट बिनियोजन भएको पाइयो। सो गौशला निर्माणमा पूँजिगतमा बन कार्यालयको सहमति नदिएको कारण पूँजिगत खर्च हुन नसकेको अवस्थामा चालुतर्फ गौशला व्यवस्थापनमा गो.भौ.नं.४४,१०१,३१५।२०८०।३।२३ बाट रु.६०००००।०० खर्च गरि बिनियोजित बजेट भन्दा रु.१०००००।०० बढि खर्च तथा भुक्तानि दिएकोले पूँजिगत बजेटबाट चालु खर्च गरेकोले असुल हुनुपर्ने रु.........

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

**(विस्तृत विवरण बेरूजु दफा ७५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ७६ ढुङ्गा वालुवा ठेक्का

७६.१ प्राकृतिक स्रोत ठेक्काः÷ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले आ व २०७९।८० मा प्राकृतिक स्रोत ढुङ्गा गिट्टि बालुवाको ५ आय ठेक्का सुचना प्रकाशित गरेको मा ५ मध्ये १७१४५ घ मि परिमाणका १ ठेक्का नलागेको तथा २१३२५ घ.मिटरका १ ठेक्कामा १ मात्र डाँकवाला परी सम्झौता गर्न नआएकोले धरौटी रु १७९०५७ जफत गरेको भनि सम्झौता लेखापरीक्षणमा पेश गरेको छैन । पेश भएका भएका ३ सम्झौतामा उखन्न परीमाण यकिन गर्न घाटगद्दिको व्यवस्था लागु नगरेको ,पालिकावाट संकलन बिक्रीका लागी लगिएका रसिद फिर्ता नभएका, नियमिति प्राविधक मुल्याङ्कन नगरेको तथा तोकिएको समय पश्चात उखन्न परिमाण यकिन गर्न रेखाङ्कन कार्य नभएकोले सम्झौता बमोजिमको परिमाण मात्र उत्खन्न भएको छ भन्ने आधार देखिएन ।पालिकाले नियन्त्रण प्रणालि कायम गरी ठेक्का प्रकृया मार्फत आय असुली गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७६.२ **ब्याजः**÷पालिकावाट भएका प्राकृतिक स्रोत आय ठेक्काहरुका सम्झौताको शर्त न २ अनुसार बाँकि किस्ता रकम २०८०।१।३० सम्म बूझाउने पर्ने उल्लेख छ । नेपालसरकार ढुङ्गा गिट्टी बालुवा उत्खन्न बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ४ अनुसूची २ ख को ढाँचामा सम्झौता गर्नु पर्नेमा अनुसुचीको बुदा न १२ मा उल्लेख रहेको तोकिएको समयमा तिनु पर्ने किस्ता रकम नबुझाएमा बाँकि किस्ता रकमको ब्याज समेत असुल गरिने उल्लेख भएकोमा पालिकावाट सम्झौता गर्दा ब्याज प्रतिशत उल्लेख नगरी खालि राखि सम्झौता गरेको पाईयो ।जसको कारण सम्झौता गर्ने पक्षवाट तोकिएको समयमा रकम नबुझाएको देखियो । किस्ता रकम ढिलो नबुझाएमा असुल गर्ने ब्याज प्रतिशत उल्लेख नगरी सम्झौता गराउने कार्यमा सुधार गर्नु पर्दछ । साथै सम्झौताको शर्त न २५ मा सम्झौतामा समावेश नभएका अन्यकुरा को हकमा प्रचलित कानुन बमोजिम उल्लेख भएकोले सार्वजनिक खरिद नियमावली बमोजिम सम्झौताको उलंघन भएको छ । अत सम्झौता उलंघन गर्ने निम्ना

निर्माण व्यवसायीहरुवाट सरकारी ब्याजदर १० प्रतिशतका दरले हर्जना ब्याज असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,७१६ |

**(विस्तृत विवरण बेरूजु दफा ७६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७७ **राजश्व**

७७.१ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट राजश्व संकलनमा कम्पयूटराईज प्रणालि शुरुवात गरेता पनि कर्मचारीले नगद लिई कम्प्यूटरवाट रसिद काट्ने र कर्मचारीले आम्दानी दाखिला गर्ने गरेको पाईयो। यसरी काटिएका मध्ये यस बर्ष रु ८३४४९९का २३८ रसिद भएको विवरण प्राप्त भएको छ । यसरी रसिदहरु रद्द रद्द गर्न सक्ने अवस्था भएको,कार्यालयले राजश्व असुलिको दैनिक तथा मास्केवारी विवरण तयार नगरेको,बैंक दाखिला भएको रकमलाई नै आम्दानी देखाएकोले असुली भएको सबै रकम दाखिला भएको छ भन्ने आधार देखिएन । विगत आ.व.मा पालिकामा म्यानुअल ठेलि मार्फत आम्दानी गरेकोमा बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट पुर्ण स्वचालित प्रणालि जडान गरी बैंक मार्फत राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७७.२ **पोखरी तथा हाटवजार ठेक्का**:÷ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले पोखरी तथा हाटवजार सम्बन्धी ठेक्का सम्झौता नभएको जनाई आम्दानी तथा ठेक्का विवरण लेखापरीक्षणमा पेश गरेको छैन । पालिका क्षेत्रका सार्वजनिक पोखरी तथा हाटवजार व्यवस्थापन गरी पालिकाको आन्तरिक आय वृद्दि गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

# अनुसूचीहरू

**अनुसूची - १**

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: बाणगंगा नगरपालिका, कपिलवस्तु , बाणगंगा नगरपालिका , कपिलबस्तु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhaktiram Marasini | २०८०-६-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | keshav Raj Gaire | २०७८-१०-३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,४११,५७५ | १४,४८५,८३४ | ९,८७७,५४५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २६,७७४,९५४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १,८९७,३६१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २४,८७७,५९३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २६०१३३३७१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७७८०९२५०० | **चालु खर्च** | ६३९७०७३८३ |

| | | | |
|---|---|---|---|
| **प्रदेश सरकारबाट अनुदान** | ४९५४२४२९ | **पूँजीगत खर्च** | ४०९७०४१८४ |
| **राजश्व बाँडफाँट** | १९९७१५९६३ | **वित्तीय/अन्य व्यवस्था** | ४७६८३५१६२ |
| **आन्तरिक आय** | ५९६११५४३ | | |
| **अन्य आय** | ४६७६६५५१४ | | |
| **कुल आय** | १५५४६२७९४९ | **कुल खर्च** | १५२६२४६७२९ |
| **बाँकी मौज्दात** | | २८८५१४५९१ | |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण- अनुसूची-३**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १३९४१०४०५०.५० | ११२२२४९०४५.०१ | | ११२२२४९०४५.०१ | १०५३८६३९०९.१८ | | १०५३८६३९०९.१८ |
| क. प्राप्ति (संचित कोषमा आम्दानी बाँधिने) | | १३४६२८२९८९.०० | १०५४४७३५७७.५० | ० | १०५४४७३५७७.५० | ९८८४२४४४४.७२ | ० | ९८८४२४४४४.७२ |
| ११००० कर | ११ | २२१०१८०००.०० | १८९६८२६२३.७० | ० | १८९६८२६२३.७० | २०७७५८७३९.४० | ० | २०७७५८७३९.४० |
| १३०००<br>अनुदान | | ८९८९८३७६१.०० | ७९५१४६०७०.२७ | ० | ७९५१४६०७०.२७ | ६७८४९४८४७.०५ | ० | ६७८४९४८४७.०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय सरकार | १२ | ७९५०५९०००.०० | ७१२९१०१५७.६७ | ० | ७१२९१०१५७.६७ | ६११७६७७७४.१९ | ० | ६११७६७७७४.१९ |
| प्रदेश सरकार | १२ | ५४१४२०००.०० | ४७३२५८१४.०० | ० | ४७३२५८१४.०० | ४५६६१३२३.०० | ० | ४५६६१३२३.०० |
| अन्तरिक श्रोत | | १४७८२७६१.०० | १०३४७०००.०० | ० | १०३४७०००.०० | ० | ० | ० |
| जनसहभागिता | | ३५००००००.०० | २४५६३०९८.६० | ० | २४५६३०९८.६० | २१०६५७४९.८६ | ० | २१०६५७४९.८६ |
| १४०००० अन्य राजस्व | | ८१५४७०००.०० | ६९६४३४३३.५३ | ० | ६९६४३४३३.५३ | १०२१७०८५८.२७ | ० | १०२१७०८५८.२७ |
| १५०००० विविध प्राप्ति | | १०००.०० | १४५०.०० | ० | १४५०.०० | ० | ० | ० |
| ३२०००० वित्तीय सम्पत्ति | | १४४७३३२२८.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ४७८२१०६१.५० | ६७७७५४६७.५१ | | ६७७७५४६७.५१ | ६५४३९४६४.४६ | | ६५४३९४६४.४६ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ३८२६९७४४.७० | ० | ३८२६९७४४.७० |
| कोषहरु | | ४७८२१०६१.५० | ५६७१८९६३.५१ | ० | ५६७१८९६३.५१ | १८०५९८२६.७६ | ० | १८०५९८२६.७६ |
| धरौटी | | ० | ११०५६५०४.०० | ० | ११०५६५०४.०० | ९१०९८९३.०० | ० | ९१०९८९३.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १३९४१०४०५०.५० | १०८७१५९९२७.०३ | | १०८७१५९९२७.०३ | ८९९४९०९२४.७९ | | ८९९४९०९२४.७९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १३४६२८२९८९.०० | १०४९४११५६६.५३ | | १०४९४११५६६.५३ | ८७४३८६२०३.०० | | ८७४३८६२०३.०० |
| २११०० पारिश्रमिक / सुविधा | १८ | ४०८१०३०००.०० | ३८३४९४४०.३३ | ० | ३८३४९४४०.३३ | ३११५२३२८७.८२ | ० | ३११५२३२८७.८२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ३०१७२०९८७.०० | २१३४११९४७.२८ | ० | २१३४११९४७.२८ | २२९५३३८००.१८ | ० | २२९५३३८००.१८ |
| २५००० सहायता (Subsidy) | १८ | २६३६९०००.०० | २०१०७८१७.१० | ० | २०१०७८१७.१० | ४६९९५०.०० | ० | ४६९९५०.०० |
| २६००० अनुदान | १८ | ५०००००.०० | १७९५०.०० | ० | १७९५०.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २५३३७०००.०० | १९३०५८१८.०० | ० | १९३०५८१८.०० | ४७२९५८६.०० | ० | ४७२९५८६.०० |
| २८००० अन्य खर्च | १८ | ५२००००००.०० | ३३६९४१०.०० | ० | ३३६९४१०.०० | १२४२११३.०० | ० | १२४२११३.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५७९०५३००२.०० | ४०९७०४१८३.८२ | ० | ४०९७०४१८३.८२ | ३२६८८७४६६.०० | ० | ३२६८८७४६६.०० |
| घ. अन्य भूक्तानी | | ४७८२१०६१.५० | ३७७४८३६०.५० | | ३७७४८३६०.५० | ८९९४९०९२४.७९ | | ८९९४९०९२४.७९ |
| कोषहरु | | ४७८२१०६१.५० | २७४२९८७७.५० | ० | २७४२९८७७.५० | १४१४५३५७.७९ | ० | १४१४५३५७.७९ |
| धरौटी | | ० | १०३१८४८३.०० | ० | १०३१८४८३.०० | १०९५९३६४.०० | ० | १०९५९३६४.०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | ३५०८९११७.९८ | | ३५०८९११७.९८ | १५४३७२९८४.३९ | | १५४३७२९८४.३९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३०२३६६७६७.९६ | | ३०२३६६७६७.९६ | १७४८०९८९१.५३ | | १७४८०९८९१.५३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ३३७४५५८८५.९४ | | ३३७४५५८८५.९४ | ३२९१८२८७५.९२ | | ३२९१८२८७५.९२ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ३०२३१५४६७.४८ | | ३०२३१५४६७.४८ | ३२६९४२९६४.६६ | | ३२६९४२९६४.६६ |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम | |
| १ | गत वर्षको जिम्मेवारी | | 260133370.97 | १ | चालु खर्च | 639707382.71 | 639707382.71 | |
| | क) नगद | | | २ | पूँजीगत खर्च | 409704183.82 | 409704183.82 | |
| | ख) बैंक | 260133370.97 | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | | |
| २ | राजस्व ( आन्तरिक आय) | | २५९३२७५०७.२३ | | क) ऋण भुक्तानी | | | |
| | क) आन्तरिक राजस्व | 59611543.29 | | | ख) ब्याज भुक्तानी | | | |
| | ख) राजस्व बाँडफाँड | 199715963.94 | | | ग) अन्य भुक्तानी | | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ७७८०९२५०० | ४ | लगानी | | | |
| | क) वित्तिय समानीकरण | 198227500 | | | ऋण | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | लगानी | | | |
| | ख) सशर्त अनुदान | 553865000 | | | शेयर लगानी | | | |
| | ग) समपूरक अनुदान | 4000000 | | | अन्य लगानी | | | |
| | घ) विशेष अनुदान | 22000000 | | ५ | धरौटी फिर्ता | 10318483 | 10318483 | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४९५४२४२९ | ६ | जनश्रमदान फिर्ता | | | |
| | क) वित्तिय समानीकरण अनुदान | १२१४२००० | | ७ | कोष फिर्ता | १९१६९३२७.५ | १९१६९३२७.५ | |
| | ख) सशर्त अनुदान | १३०००००० | | ८ | मौज्दात | | 266472358.95 | |
| | ग) समपुरक अनुदान | 15400429 | | | क) बैंक मौज्दात | 266472358.95 | | |
| | घ) विशेष अनुदान | ९०००००० | | | ख) नगद मौज्दात | | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | ९ | शसर्त, समपुरक, बिशेष अनुदान | ६७३९८९५७.३३ | ६७३९८९५७.३३ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | फिर्ता | | | |
| ६ | अन्य | | 4261940.5 | १० | गत बर्षको बढी अल्या | | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | ११ | जनश्रमदान मौज्दात | | | |
| | ख) सडक बोर्ड नेपाल | 3555098 | | १२ | धरौट मौज्दात | 22042232 | | |
| | ग) पर्यटन बोर्ड नेपाल | | | १३ | कोष खाताको मौज्दात | | | |
| | घ) एन एन एस डब्लु ए | | | १४ | अन्य खर्च रकम | 4261940.5 | 4261940.5 | |
| | ङ)प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | 706842.5 | | १५ | साटन बाँकि चेक | -१३३०२१६.२७ | -१३३०२१६.२७ | |
| ७ | विभिन्न कोषतर्फको आय | ३८२११८४१ | ३८२११८४१ | | | | | |
| ८ | जनसहभागिता (नगद) | 24563098.6 | 24563098.6 | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | | |
| १० | धरौटी आय | 32360715 | 32360715 | | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | | |
| १२ | अन्य विविध आय | 10347000 | 10347000 | | | | | |
| १३ | सामाजिक सुरक्षा र अन्य | ३५७९२०९१८ | | १६ | सामाजिक सुरक्षा र अन्य | ३५७९२०९१८ | | |
| | जम्मा | १८१४७६१३२० | १८१४७६१३२० | | जम्मा | १८१४७६१३२० | १८१४७६१३२० | |

**बेरूजु दफा १४ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| संस्थाको नाम | प्रयोजन/कार्यक्रम | रकम रु. |
|---|---|---|
| **संघीय कार्यक्रम** | | |
| श्री बिहानी सामाजिक उधमी महिला कृषि सहकारी सं.लि. | दुध प्रशोधन कार्यकम | १४८७५०। |
| श्री बाणगंगा दुग्ध उत्पादक सहकारी सं.लि. | दुध प्रशोधन कार्यकम | ६९७०००। |

| | | |
|---|---|---|
| **जम्मा** | | ८४५७५०। |
| **नगरस्तरिय कार्यक्रम** | | |
| सोनिय कृषि तथा पशुपालन फर्म - बा.न.पा. - १ | गाई/भैसी फर्म सुधार | ५००००। |
| मायादेबी भैसीपालन फर्म - बा.न.पा. — २ | गाई/भैसी फर्म सुधार | ५००००। |
| मनकामना पशु फर्म - बा.न.पा. — २ | गाई/भैसी फर्म सुधार | ५००००। |
| ढोरपाटन पशु तथा कृषि फर्म - बा.न.पा. - २ | गाई/भैसी फर्म सुधार | ५००००। |
| पोखेल भैसीपालन फर्म - बा.न.पा. — ३ | गाई/भैसी फर्म सुधार | ५००००। |
| सक्रिय कृषि तथा पशुपन्छी फर्म - बा.न.पा. - ४ | गाई/भैसी फर्म सुधार | ५००००। |
| काफ्ले पशु फर्म - बा.न.पा. — ४ | गाई/भैसी फर्म सुधार | ५००००। |
| शुभम कृषि तथा पशुपन्छी मनछा अर्गानिक फर्म - बा.न.पा. — ६ | गाई/भैसी फर्म सुधार | ५००००। |
| न्यौपाने पशुपन्छी कृषि फर्म - बा.न.पा. — ६ | गाई/भैसी फर्म सुधार | ५००००। |
| ज्ञवाली कृषि पशुपालन फर्म - बा.न.पा. — ६ | गाई/भैसी फर्म सुधार | ५००००। |
| अर्जुन गाईभैसी फर्म - बा.न.पा. — ६ | गाई/भैसी फर्म सुधार | ५००००। |
| साबित्रा भैसीपालन फर्म - बा.न.पा. — ६ | गाई/भैसी फर्म सुधार | ५००००। |
| शान्ती पशु फर्म - बा.न.पा. — ८ | गाई/भैसी फर्म सुधार | ५००००। |

| | | |
|---|---|---|
| भुसाल एकीकृत कृषि तथा पशुपन्छी फर्म - बा.न.पा. — ८ | गाई/भैसी फर्म सुधार | ५००००। |
| पौडेल गाईपालन फर्म - बा.न.पा. — ८ | गाई/भैसी फर्म सुधार | ५००००। |
| आशिष पशुपालन तथा कृषि फर्म - बा.न.पा. - ८ | गाई/भैसी फर्म सुधार | ५००००। |
| बिपिन पशुपालन तथा कृषि फर्म - बा.न.पा. - ९ | गाई/भैसी फर्म सुधार | ५००००। |
| माता लक्ष्मी पशुपालन तथा कृषि उपज फर्म - बा.न.पा. — ९ | गाई/भैसी फर्म सुधार | ५००००। |
| लक्ष्मी भैसी फर्म - बा.न.पा. — १० | गाई/भैसी फर्म सुधार | ५००००। |
| पशुपति गैरे पशुपालन फर्म - बा.न.पा. - ११ | गाई/भैसी फर्म सुधार | ५००००। |
| भगवती बाख्रापालन फर्म - बा.न.पा. — ४ | बाख्रा फर्म सुधार | ५००००। |
| दर्शन कृषि फर्म - बा.न.पा. — ४ | बाख्रा फर्म सुधार | ५००००। |
| गिरी पशुपन्छी फर्म - बा.न.पा. — ७ | बाख्रा फर्म सुधार | ५००००। |
| सुदीप कृषि तथा पशुपन्छी फर्म - बा.न.पा. - १० | बाख्रा फर्म सुधार | ५००००। |
| आर.एन. कृषि तथा पशुपालन फर्म - बा.न.पा. — १० | बाख्रा फर्म सुधार | ५००००। |
| कल्पनाकृषि तथा पशुपन्छी फर्म - बा.न.पा. - ११ | बाख्रा फर्म सुधार | ५००००। |
| रुबिका बाख्रापालन तथा कृषि फर्म - बा.न.पा. — ११ | बाख्रा फर्म सुधार | ५००००। |

| | | |
|---|---|---|
| प्रगतीशील युवा बहुउदेशिय कृषि फर्म - बा.न.पा. — ४ | बंगुर फर्म सुधार | ५०००० । |
| राना बंगुर फर्म - बा.न.पा. — ८ | बंगुर फर्म सुधार | ५०००० । |
| थापा बंगुर फर्म - बा.न.पा. — १० | बंगुर फर्म सुधार | ५०००० । |
| खनाल फ्रेस हाउस तथा सप्लार्यस - बा.न.पा. - ६ | मासु पसल सुधार | ५०००० । |
| हाम्रो फ्रेस हाउस - बा.न.पा. — ८ | मासु पसल सुधार | ५०००० । |
| खनाल डेरी - बा.न.पा. — ११ | डेरी पसल सुधार | ५०००० । |
| रायमाझी कृषि तथा पशुपन्छी फर्म - बा.न.पा. - ८ | कम्पोष्ट पिट निर्माण | ७५००० । |
| **जम्मा** | | १७२५००० । |
| **संस्थाको नाम** | **प्रयोजन/कार्यक्रम** | **रकम** |
| **प्रगती पशुपालन कृषक समूह** | **नंया बोरीङ निर्माण** | **७६०००** |
| **उज्वल कृषकसमूह** | **पुरानो नहर निर्माण** | **१२३०००** |
| **जय बुद्धकृषक समूह** | **नंया बोरीङ निर्माण /पम्पसेट** | **७७५००** |
| **उन्नतीकृषक समूह** | **नंया बोरीङ निर्माण** | **७८०००** |
| **दिप कृषकसमूह** | **नंया बोरीङ निर्माण/मोटर पम्पसेट जडान** | **७४०००** |
| **ज्ञवालीएग्रो फर्म** | **व्यवसायीक तरकारी खेती** | **७३८००** |

| | | |
|---|---|---|
| **संगमनर्सरी फर्म** | **ब्यवसायीक तरकारी खेती** | **७५०००** |

| क्र.सं. | कृषक समूह/ सहकारी/फर्मको नाम | ठेगाना | | माग गरेको योजना | उपलब्ध अनुदान रकम रु, |
|---|---|---|---|---|---|
| | | वडा न. | टोल | | |
| १ | ज्ञवाली एग्रो फर्म | ८ | मधुवन | ब्यवसायीक तरकारी खेती | ७५००० |
